# कानून कार्यान्वयन गर्ने निकायहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईको आयोजनामा अन्तर निकाय सहकार्य, समन्वय तथा पृष्ठपोषणका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरु (LEAs) तथा अनुसन्धानकारी निकायहरुसँग मिति २०८० चैत्र १५ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, विशेष सरकारी वकिलको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, नेपाल धितोपत्र बोर्ड, लगायतका कानून कार्यान्वयन गर्ने निकाय (LEAs), अनुसन्धानकारी निकाय तथा सम्बद्ध निकायहरुबाट करीब ६० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।




कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथी नायब महान्यायाधिवक्ता तथा अनुसन्धान समन्वय संयन्त्रका संयोजक गोपालप्रसाद रिजालले आर्थिक अपराध हाल विश्वकै चासोको विषय रहेको उल्लेख गर्दै सो सम्बन्धी अभियोजन गरिएका मुद्दाहरुमा मुख्य प्राकृतिक व्यक्ति लगायत संलग्न सबैलाई कारवाहीको दायरामा ल्याउने अवस्था सृजना गर्नुपर्ने धारणा राख्नुभयो । त्यसका लागि सम्बद्ध निकायहरुसँग सहकार्य तथा पृष्ठपोषणका लागि महान्यायाधिवक्ताको कार्यालय तत्पर रहेको उल्लेख गर्दै उहाँले नेपाललाई विश्वमा आर्थिक अपराधको लागि असहज मुलुकको रुपमा स्थापित गर्नुपर्ने बताउनुभयो । कार्यक्रमका विशिष्ट अतिथी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक पुष्पराज शाहीले पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका क्षेत्रमा सुधारका लागी अनुसन्धान गर्ने निकाय, कानून कार्यान्वयन गर्ने निकाय तथा अन्य सम्बद्ध निकायले गर्नुपर्ने सुधारका कार्यहरुको खाका प्रस्तुत गर्नुभयो ।




कार्यक्रमको आवश्यकता र औचित्यतालाई प्रकाश पार्दै इकाई प्रमुख दीर्घ बहादुर रावलले वित्तीय जानकारी इकाईले विभिन्न सम्बद्ध निकायहरुसँग अन्तरक्रिया र छलफल कार्यक्रम निरन्तर रुपमा गर्दैआएको र समग्र सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता अभिवृद्धिका लागि सम्बद्ध निकायहरु बीच समन्वय, सहकार्य र सूचना आदान प्रदान आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमको प्राविधिक सत्रमा तीन वटा प्रस्तुतीहरु भएका थिए । इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले पारस्परिक मूल्याङ्कन तथा अन्तर निकाय सहकार्य, समन्वय तथा पृष्ठपोषणको सम्बन्धमा प्रस्तुती गर्नु भएको थियो । त्यस्तै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट प्रकाशचन्द्र सापकोटाले अनुसन्धान कार्यमा वित्तीय जानकारी इकाईबाट सम्प्रेषित सूचनाको उपयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान र अभियोजनका विषयमा विस्तृत प्रस्तुती गर्नु भएको थियो । यसैगरी, नेपाल प्रहरीका तर्फबाट प्र.नि. डिल्लीराज सापकोटा र प्र.नि. दिनेश गौतमले वित्तीय जानकारी इकाईबाट सम्प्रेषित सूचनाको उपयोग, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अनुसन्धान तथा अभियोजनका विषयका साथै पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका क्षेत्रमा गर्नुपर्ने सुधारका विषयमा प्रस्तुती गर्नु भएको थियो । साथै, प्रस्तुतीमा आर्थिक र साईबर अपराध रोकथाम तथा अनुसन्धानमा नेपाल प्रहरीबाट भईरहेका प्रयासका विषयमा समेत चर्चा गरिएको थियो ।

प्रस्तुती पश्चात नेपाल राष्ट्र बैंकका निर्देशक तथा विषय विज्ञ डा. हरि कुमार नेपालले प्रस्तुतीहरुमा थप प्रकाश पार्दै सम्पत्ति शुद्धीकरण ऐनमा प्रस्तावित संसोधनबाट निकायगत अनुसन्धान पद्दतीमा हुन सक्ने परिवर्तनका बारेमा समेत चर्चा गर्नुभयो । त्यस्तै इकाईका उप-निर्देशक श्री विष्णु प्रसाद गुरागाँईले आफ्नो मन्तव्यमा वित्तीय कारवाही कार्यदल (FATF) को सिफारिसको प्रभावकारी कार्यन्वयनका लागि अन्तर निकाय सहकार्यमा जोड दिनुभयो ।

अन्तरक्रिया सत्रमा सहभागीहरुले राखेका विभिन्न जिज्ञाशा तथा सुझावलाई सम्बोधन गर्दै इकाई प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले सहभागीहरुलाई धन्यबाद ज्ञापन सहित कार्यक्रम समापन गर्नुभएको थियो । इकाईका सहायक निर्देशक प्रतिभा थापाले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो र सहायक निर्देशक किशोर महरा र प्रधान सहायक होम बहादुर काउचाले कार्यक्रम सहजीकरण गर्नुभएको थियो ।